अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रुन्टीगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १ मितिः २०८१/०९/२९

भाग-१

रुन्टीगढी गाउँपालिका

## मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०९/२२

**प्रस्तावना**

समुदायलाई सभ्य, मर्यादित तथा सुसंस्कृतको माध्यमबाट सकारात्मक बाटोमा अग्रसर गराउन समाजमा हुने जथाभावी मदिरापान,त्यसको विक्रिवितरण,भण्डारण जस्ता कार्यको नियन्त्रण तथा व्यवस्थापन गर्न वाच्छनिय भएकोले रुन्टीगढी गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिनमा रही यो कर्यबिधिलाई बनाई लागु गरेकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**(१) यस कार्यविधिको नाम " मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९" रहेको छ

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित गरेको मिति देखि लागुहुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रशङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क)"मदिरा वा मदिराजन्य पदार्थ" भन्नाले फलफूल वा कुनै बस्तुलाइ जिव रासायनिक प्रक्रियाद्वारा कुहाइ वा अन्य कुनै तरिकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, ह्विस्की, रम, जिन, ब्राण्डि, भोडका, बियर, वाइन, सेरी, सेम्पेन साइडर स्प्रित समेतलाइ जनाउछ ।

(ख)"उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा वास्ना वा स्वाद आउने गरी कुनै कुराको समिश्रण गर्ने वा मदिरा तयार गर्नका लागि अपनाइने सबै वा कुनै विधि या कार्य सम्झनु पर्छ ।

(ग)"अनुमतिपत्र" भन्नाले मदिरा ऐन २०३१ को दफा ६बमोजिम मदिरा उत्पादन, बिक्रि वितरण, निकासी वा पैठारी गर्न दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(घ)"तोकिएको वा तोकिएको बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ)"सेवनकर्ता" भन्नाले मदिराजन्य पदार्थ सेवन गर्ने ब्यक्तिलाइ सम्झनु पर्छ ।

(च)"इजाजतपत्र" भन्नाले सम्बन्धित गाउँपालिकाको कार्यलयबाट लिएको व्यवसाय इजाजतपत्र सम्झनु पर्छ ।

(छ)"समिति" भन्नाले दफा ५ बमोजिम गठन हुने समितिलाई सम्झनुपर्छ ।

(ज)"कार्यपालिका वा गाउँ कार्यपालिका" भन्नाले रुन्टिगढ गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

## परिच्छेद २
## मदिराजन्य पदार्थ उत्पादन, विक्री वितरण तथा शर्तको पालना

३ कानून बमोजिम बाहेक मदिरा उत्पादन गर्न नपाइने :

(१) कानूनमा तोकीएको व्यक्ति वा फर्म/कम्पनिले वाहेक मदिरा उत्पादन गर्न गराउन पाइनेछैन ।

(२) माथि उपदफा(१) मा जुन सुकै कुरा लेखिएको भएता पनि आफ्नो कुल धर्म अनुसार नितान्त घरायसी प्रयोजनको लागि मात्र उत्पादन र प्रयोग गर्न यस कार्यविधिले बाधा पुर्याउनेछैन ।

४ मदिराको बिक्रि वितरण र सेवनमा नियमन .: मदिराजन्य पदार्थ विक्रि वितरण,ओसार पसार तथा सेवन गर्ने व्यक्तिले देहायका शर्तहरु अनिवार्य पालना गर्नुपर्नेछ :

**(क) मदिराजन्य पदार्थ विक्रि वितरण गर्ने व्यक्तिले पालना गर्नुपर्ने शर्तहरुः**

(१) कुनै पनि ब्यक्तिले अनुमतिपत्र वेगर वा अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम वाहेक मदिरा विक्री वितरण गर्न वा मदिरा राखी बेच्न वा खुवाउने गरी रेस्टुरेन्ट वा पसल संचालन गर्न पाइनेछैन ।

(२) गाउँपालिका वा सम्बन्धित अन्य निकायबाट इजाजत पत्र लिएको र नविकरण गरेको पसलबाटमात्र मदिराजन्य पदार्थ विक्रिवितरण गर्नुपर्नेछ ।

(३) मदिरा बाहेक अन्य वस्तुहरुको खरीद विक्रि गर्न लिएको इजाजत पत्रबाट मदिराजन्य पदार्थ विक्रि वितरण गर्न गराउन हुदैन ।

(४) मदिराजन्य पदार्थको विक्रि वितरण साँझ छ बजे देखी राती ९ बजे सम्ममात्र गर्नपाइनेछ ।

(५) कुनै पनि सार्वजनिक स्थल वा हाट मेला पर्वमा खुल्ला रुपमा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न पाइनेछैन ।

(६) पलास्टिकको पोका बोतलमा मदिरा राखी उत्पादन तथा बिक्रि वितरण गर्नु हुदैन

(७) १८ वर्ष उमेर पुरा नभएको ब्यक्तिलाई मदिरा बिक्रि वितरण वा मदिराजन्य पदार्थ ओसार पसार गर्ने जस्ता काम लगाउन हुदैन ।

(८) आफ्नो मदिरा पसल र पसलको वरिपरी मदिराजन्य पदार्थ खुवाउन पाइनेछैन ।

(९) इजाजतपत्र पसलमा सबैले देख्ने गरी राख्नुपर्ने

(१०) अन्यत्रबाट मदिरा सेवन गरि आएको ब्यक्तिलाई थप मदिराजन्य पदार्थ बिक्रि वितरण गर्न पाइनेछैन।

(११) प्रत्यक दिन आफुले बिक्रि वितरण गरएको मदिराको दुरुस्त रेकर्ड राख्ने किन्ने ब्यक्तिको ) नाम,ठेगाना,उमेर र किनेको परिमाणव्यवस्था गर्नुपर्नेछ । (

(१२) खरिद बिक्रिको अनिबार्य बिल प्रयोग गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(१३) मदिराजन्य पसल बिद्यालय, स्वास्थ्य केन्द्र, सार्बजनिक स्थल, पार्क, मन्दिर सरकारी कार्यालय भन्दा १०० मिटर टाढाको दुरीमा राख्ने

**(ख) मदिराजन्य पदार्थ सेवन गर्ने व्यक्तिले पालना गर्नुपर्ने शर्तहरुः**

(१) मदिरा जन्य पदार्थ सेवन गरी घर वा छर छिमेकमा अशान्ति फैलने किसिमले होहल्ला, गाली बेजिइती वा झै झगडा गर्न नहुने ।

(२) भोज भतेर वा त्यस्तै सामाजिक कार्यमा वाहेक साँझ ६ बजे देखी राती ९ बजे सम्ममात्र मदिराजन्य पदार्थ सेवन गर्न पाइनेछ ।

(३) मदिराजन्य पदार्थ सेवनले असामान्य अवस्था भएमा सार्वजनिक स्थलमा बस्न हुदैन ।

(४) सामाजिक सुरक्षा भत्ता,बाल पोषण भत्ता, बालबालिकाको पोशाक वा त्यस्तै खालका भत्ताबाट मदिराजन्य पदार्थ सेवन गरी दुरुपयोग गर्न पाइनेछैन ।

(५) १८ वर्ष भन्दा मुनीको बालबालिका मदिराजन्य पदार्थ सेवन वा ओसार पसार कार्यमा लाग्न वा लगाउन पाइनेछैन।

(च) घरको आर्थिक अवस्था बिग्रने गरी मदिराजन्य पदार्थ सेवन गर्न हुदैन ।

(४) माथि उल्लेखित शर्तहरुको पालना गर्न सबै वडावासीको कर्तव्य हुनेछ ।

## परिच्छेद ३

## मदिराजन्य पदार्थ व्यवस्थापन समितिको गठन र त्यसको काम,कर्तव्य र अधिकार

५. समितिको गठन र काम,कर्तव्य र अधिकार: (१) मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्नको लागि गाउँपालिकामा पालिका स्तरीय समिति र प्रत्यक वडामा वडा स्तरीय समिति गठन गरिनेछ ।

(२) गाउँपालिका स्तरीय मदिराजन्य पदार्थ व्यवस्थापन समितिको गठन:

(क) गाउँपालिका अध्यक्ष संयोजक

(ख) गाउँपालिकाका उपाध्यक्ष सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(घ) इलाका प्रहरी कार्यालयको प्रमुख सदस्य

(ङ) सबै वडाका वडा अध्यक्षहरु सदस्य

(च) गाउँपालिका क्षेत्रभित्रका बुद्धिजीवी,समाजसेवी मध्यबाट समितिले मनोनयन गरेका दुई जना महिला सहित तिन जना सदस्य

(छ) वरिष्ठ नगर प्रहरी सदस्य

(ज) प्रशासन शाखा प्रमुख सदस्य सचिव

(३) गाउँपालिका स्तरीय मदिरा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:

(क) गाउँपालिका क्षेत्र भित्र मदिराजन्य पदार्थको उत्पादन,विक्रि वितरण तथा सेवन सम्बन्धी नीति तथा कार्यक्रम बनाई गाउँ कार्यपालिकामा सिफारिस गर्ने
(ख) मदिरा उत्पादन,विक्रिवितरण तथा सेवन गर्ने सम्बन्धी स्थानीय समय,स्थान र अवस्था निर्धारण गरी लागु गर्ने
(ग) गैरकानूनी तरिकाबाट मदिराको उत्पादन,सेवन र विक्रिवितरणबाट समाज र जनस्वास्थ्यमा पर्ने विभिन्न असर तथा प्रभावको सम्बन्धमा चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने गर्न लगाउने ।
(घ) समाजमा शान्ति, अमनचैन र मेलमिलाम कायम राख्ने कार्यमा अन्य निकाय तथा संघ संस्थाहरुसंग समन्वय र सहकार्य गर्ने
(ङ) घरेलु मदिरालाई व्यवस्थित गर्दै ब्राण्डको रुपमा विकास गर्न पहल गर्ने
(च) मदिराजन्य पदार्थ व्यवस्थापन गर्ने सिलसिलामा असहयोग वा अटेर गर्ने वा गाउँपालिका वा समितिले बनाएको नीति नियमको विरुद्ध जाने व्यक्ति वा संघ संस्थालाई कारवाही गर्ने
(छ) यो कार्यविधिको बर्खिलाप हुनेगरी कोही कसैले कार्य गरेमा जरिवाना रकम तोकी लागु गर्ने र अन्य आवश्यक कार्यहरु गर्ने ।

(४) वडास्तरीय मदिराजन्य पदार्थ व्यवस्थापन समितिको गठन:

(क) वडा अध्यक्ष संयोजक
(ख) सबै वडा सदस्यहरु सदस्य
(ग) नजिकैको प्रहरी चौकीको इन्चार्ज वा प्रतिनिधि सदस्य
(घ) आमा समूह मध्यबाट समितिले मनोनयन गरेका दुई जना सदस्य
(ङ) वडाका नागरिक समाज,समाजसेवी,बुद्धिजिवी मध्येबाट वडा अध्यक्षले मनोनित गरेका दुई जना महिला सहित तिन जना सदस्य
(च) वडामा अध्यक्षले मनोनित गरेका विध्यालय प्रअहरु मध्येबाट १ जना सदस्य
(छ) वडा बाल संजाल/युवाक्लव मध्यबाट वडा अध्यक्षले मनोनित गरेका कम्तिमा २ जना सदस्य
(ज) वडा कार्यालयको वडा सचिब सदस्य सचिब -

(५) वडा स्तरीय मदिराजन्य पदार्थ व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:

(क) वडामा मदिराजन्य पदार्थ उत्पादन, बिक्रि वितरण तथा सेवन जस्ता कार्यमा न्यूनिकरण गर्नको लागि वडा स्तरीय नीति, योजना तथा कार्यक्रम बनाई लागु गर्ने तथा सुझावको रुपमा पालिका स्तरीय समितिमा पेश गर्ने

(ख) वडामा मदिराजन्य पदार्थ उत्पादन, बिक्रि वितरण तथा अनियन्त्रित सेवन गर्नेको संख्या,अवस्थाको सम्बन्धमा तथ्याङ्क संकलन र विश्लेशन गर्ने

(ग) त्यसको कारण र निवारणका उपायहरुको पहिचान गर्ने

(घ) माथि खण्ड (क) अनुसारको काम, तथा अवस्थामा भएकाहरुलाई सम्झाउने,सचेत गराउने

(ङ) तिनीहरुलाई सम्झाउदा बुझाउदा पनि अटेर गरेपछि पटक अनुसारको जरीवानाको लागि पालिका स्तरीय समितिमा शिफारिस गर्ने

(च) वर्ष वा छ/छ महिनामा मदिराजन्य पदार्थ व्यवस्थापन दिवस/उत्सव मनाउने

(छ) उत्सवमा मदिराजन्य पदार्थ नियमित तथा व्यवस्थित गर्ने कार्यमा सहयोग पुर्याउनेलाई पुरस्कृत सम्मान गर्ने

(ज) माथि खण्ड (क) अनुसारको अवस्थाका व्यक्तिहरुलाई सुधार गर्न/ नियन्त्रण गर्न दण्डात्मक भन्दा रचनात्मक उपायहरुको खोजि गर्ने, सचेतना कार्यक्रमहरु संचालन गर्ने

(झ) अनियमित मदिराजन्य पदार्थ सेवन, उत्पादन तथा विक्रि वितरण गर्ने व्यक्तिहरुको समय समयमा अनुगमन गरी तथ्याङ्क अद्यावधिक गर्ने

(ञ) माथि खण्ड (ञ) अनुसारका व्यक्तिहरुलाई सामाजिक रुपमा दवाव सृजना गर्ने वातावरण तयार गर्ने

(ट) अन्य आवश्यक उपायहरु अपनाउने

## परिच्छेद ४
## विविध

६. वडामा भएको मदिराजन्य पदार्थ नियन्त्रण तथा व्यवस्थापन समितिले आँफुले गरेको कामको वार्षिक प्रतिवेदन कार्यपालिका समितिमा पेश गर्नुपर्नेछ ।

७. दफा ६ बमोजिम प्राप्त प्रतिवेदनका आधारमा पालिका स्तरीय समितिले आवश्यक नीतिहरु बनाउन सक्नेछ ।

८. कार्यविधिको कार्यान्वयन गर्ने क्रममा केही दुविधा भएमा समितिको शिफारिसमा

आज्ञाले,
धनि प्रसाद खड्का
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाले व्याख्या तथा बाधा अडकाउ फुकाई सहजिकरण गर्न सक्नेछ ।